१५. <u>बढुवा सम्बन्धी व्यवस्थाः</u> (१) दफा ४ (१) (ख) बमोजिमको हवलदार पदपूर्तिको लागि योग्यता पुगेका नगर प्रहरी जवानहरु मध्येबाट बढुवा समितिको सिफारिसमा कार्यपालिकाले आन्तरिक बढुवा गरी पदपूर्ति गर्नेछ । बढुवा समितिमा प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा देहाय अनुसारका सदस्यहरु रहनेछन् :-

(क) प्रमूख प्रशासकीय अधिकृत -संयोजक

(ख) स्थानीय प्रहरी प्रमुख -सदस्य

(ग) प्रशासन शाखा प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको पदपूर्तिको लागि गाउँपालिकाले सूचना आव्हान गर्नेछ । बढुवा हुन चाहने नगर प्रहरीहरुले सूचनामा तोके बमोजिमको काजगपत्र सहित गाउँपालिकाको कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ

(क) सेवा अवधि जेष्ठता

(ख) शैक्षिक योग्यता

(ग) सम्बन्धित सेवाको कार्य अनुभव

(घ) सम्बन्धित सेवामा प्राप्त गरेको तालिम

(ङ) कार्यसम्पादन मूल्याङ्कन

(३) उपदफा (१) बमोजिमको पदपूर्तिका लागि आवेदन पेश गरेका इच्छुक नगर प्रहरीहरुले पेश गरेका कागजपत्रहरुको आधारमा वढुवा गरी पदपूर्ति गरिनेछ ।

## परिच्छेद -७
## विविध

१६. <u>नगर प्रहरीको सेवा र सुविधाः</u> नगर प्रहरीको चाडपर्व खर्च, पोशाक खर्च लगायत अन्य सेवा र सुविधाका विषयमा गाउँ कार्यपालिकाले बेला बेलामा निर्णय गरी तोके बमोजिम हुनेछ ।

१७. <u>विदाः</u> नगर प्रहरीको विदा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ । अन्य विदाको विषयमा भने कार्यपालिकाले निर्णय गरी तोके बमोजिम हुनेछ ।

१८. <u>पोशाकः</u> नगर प्रहरीले डिउटी समयमा लगाउने पोशाक अनुसूची -६ बमोजिम हुनेछ । डिउटी समयमा त्यस्तो पोशाक अनिवार्य रुपमा लगाउनु नगर प्रहरीको कर्तव्य हुनेछ ।

१९. <u>व्याख्या, खारेजी वा बचाउ गर्ने अधिकारः</u> यस कार्यविधि कार्यान्वयन गर्ने क्रममा थप व्याख्या, खारेजी वा बचाउ गर्नुपरेमा त्यस्तो अधिकार गाउँ कार्यपालिकालाई रहनेछ ।

२०. <u>अमान्य हुनेः</u> यस कार्यविधिमा लेखिएका कुराहरु संघीय कानून वा प्रादेशिक वा साकेला गाउँपालिकाको स्थानीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछन् ।

अनुसूची -६

(दफा १७ सँग सम्बन्धित पोशाक विवरण)

स्थानीय सरकार

# साकेला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मानेभन्ज्याङ, खोटाङ

कोशी प्रदेश, नेपाल

| क्र.सं. | विवरण | रङ | संख्या | खपत अवधि |
|---|---|---|---|---|
| १ | टेरीकटनको सर्ट पाइन्ट जोर | तोकिए बमोजिम | १ | २ वर्ष |
| २ | टेरीकटनको चुस्ता जोर | तोकिए बमोजिम | १ | ४ वर्ष |
| ३ | ब्यारेट क्याप | तोकिए बमोजिम | १ | १ वर्ष |
| ४ | अण्डर ट्राउजर | तोकिए बमोजिम | १ सेट | ३ वर्ष |
| ५ | सिठ्ठी र सिठ्ठी कर्ड | तोकिए बमोजिम | १ | २ वर्ष |
| ६ | वेभ वेल्ट | तोकिए बमोजिम | १ | सेवा अवधिभर |
| ७ | फटिक वेल्ट | तोकिए बमोजिम | १ | सेवा अवधिभर |
| ८ | छालाको बुट | तोकिए बमोजिम | १ जोर | २ वर्ष |
| ९ | पिटी जुत्ता | तोकिए बमोजिम | १ जोर | १ |
| १० | कुम व्याज | तोकिए बमोजिम | १ जोर | २ वर्ष |
| ११ | टोपी व्याज | तोकिए बमोजिम | १ | ५ वर्ष |
| १२ | पानी बर्सादी | तोकिए बमोजिम | १ | ३ वर्ष |
| १३ | ऊनीको मोजा | तोकिए बमोजिम | २ जोर | १ वर्ष |
| १४ | सामान्य मोजा | तोकिए बमोजिम | २ जोर | १ वर्ष |
| १५ | जर्सी | तोकिए बमोजिम | १ | ३ वर्ष |
| १६ | पार्क ज्याकेट | तोकिए बमोजिम | १ | ५ वर्ष |
| १७ | मन्डी/कम्बल | तोकिए बमोजिम | १ | २ वर्ष |
| १८ | झुल | तोकिए बमोजिम | १ | १ वर्ष |
| १९ | स्लीपिङ व्याग | तोकिए बमोजिम | १ | ५ वर्ष |
| २० | पिटी भेष्ट | तोकिए बमोजिम | १ | २ वर्ष |
| २१ | पिटी कट्टु | तोकिए बमोजिम | १ | २ वर्ष |
| २२ | रुकस्याक झोला | तोकिए बमोजिम | १ | सेवा अवधिभर |
| २३ | वेतको लठ्ठी | तोकिए बमोजिम | १ | सेवा अवधिभर |
| | | | | |

साकेला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मानेभञ्ज्याङ, खोटाङ, कोशी प्रदेश नेपाल स्था.२०७३

पालिका अध्यक्ष